दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३४ | बुटवल | २०८२ भदौं ०३ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday August 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# शिक्षा विधेयकको निजी विद्यालयले दिने आवास सुविधामा जुटेन सहमति



**लुम्बिनी संवाददाता**
*बुटवल*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरिब तथा विपन्न विद्यार्थीलाई २.५ प्रतिशत आवास सुविधा दिने प्रस्ताव गरेको छ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको जारी बैठकमा सांसदहरूले निजी विद्यालयको पूर्ण छात्रवृत्तिमा आवास सुविधा राख्नुपर्नेमा जोड दिएपछि मन्त्रालयले यस्तो प्रस्ताव गरेको हो।

मन्त्रालयको यस्तो प्रस्तावपछि समितिमा यो विषयमाथि छलफल भएको छ।

छलफलमा सांसद डिगबहादुर लिम्बूले यो विषय प्रगतिशील ढंगले टुंगो लगाउनुपर्नेमा जोड दिए। उनले भने-'कतिको २.५ प्रतिशत हो ? निजी विद्यालयलाई जवाफदेही र उत्तरदाही बनाउनु पर्छ। क्रमशः बढाउँदै लैजाने प्रस्ताव छ। कम्तीमा १० प्रतिशत गरौं। गरिबले पनि महसुस गरुन्।'

यसैगरी सांसद सुमना श्रेष्ठले मन्त्रालयको उक्त प्रस्तावमाथि टिप्पणी गर्दै गृहकार्य नपुगेको बताइन्। उनले आवासीय सुविधा भएको विद्यालय कति छन् भनेर प्रश्न गरिन्। उनले भनिन्-'मन्त्रालयको २.५ प्रतिशत आवास सुविधामा गृहकार्य पुगेन। यो हेपाहा प्रवृत्ति भयो।

हामीलाई स्वीकार्य छैन। नियमावलीमा राखियो भने पनि यो विषय कार्यान्वयन हुँदैन।'

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले निजी विद्यालयले दिने पूर्ण छात्रवृत्तिको आवास सुविधा कानुनमा नराख्न प्रस्ताव गरेका थिए।

मन्त्री पन्तले सोमबार बसेको प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा यस्तो प्रस्ताव गरेका हुन्।

'मेरो आग्रह कानुनमा राख्नुभन्दा नियमावलीमा राख्दा हुन्छ। नियमावलीमा व्यवस्थित गर्नेगरी छोडिदिम् कानुनमा नराखौं,' मन्त्री पन्तले भने- 'मन्त्रालयलाई विश्वास गर्नुस्।'

उनले कसैलाई पनि घाँटी अठ्याउनेगरी कानुन अघि बढाउन नहुने सुझाव बैठकमा पेश गरे।

'नियमन गर्ने कुरामा कडाइका साथ नियमन गर्नुपर्छ। घाँटी अठ्याउने गरि अगाडि बढाउनु हुँदैन।'-पन्तले भने।

सांसदहरूले पूर्ण छात्रवृत्तिमा आवासीय राख्नुपर्नेमा जोड दिएका छन्।

निजी विद्यालयले पूर्ण छात्रवृत्तिमा आवास र पोशाक दिन नसकिने भनिरहेका छन्। तर समितिका सदस्यहरूले पूर्ण छात्रवृत्तिमा आवास र पोशाक पनि हुनुपर्ने धारणा राखिरहेका छन्।

एमाले सांसद छविलाल विश्वकर्मा नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनमा पूर्ण छात्रवृत्ति भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा भनिएको छ।

गत २२ साउनमा बसेको बैठकमा यसबाट आवास र पोशाक झिक्नुपर्ने प्रस्ताव राखिएको थियो। तर सदस्यहरूले नमानेपछि प्रस्ताव पारित हुन सकेको थिएन। यही विषयलाई लिएर निजी विद्यालय सञ्चालकहरूले चरणबद्ध आन्दोलन गरिरहेका छन्।

विधेयकमा शिक्षक महासंघले पनि असन्तुष्टि जनाएको छ। महासंघले पनि भदौको दोस्रो सातादेखि आन्दोलन गर्ने घोषणा गरेको छ।

सदस्यहरूको असहमतिपछि सोमबार पुनः प्रतिवेदनको भाषा मिलाएर समितिमा पेश गरिएको छ।

## दुर्गा प्रसाईंले दल खोल्ने



बुटवल। मेडिकल व्यवसायी दुर्गा प्रसाईंले राजनीतिक दल खोल्ने घोषणा गरेका छन्।

दुई साताअघि मात्रै डिल्लीबजार कारागारबाट छुटेका प्रसाईंले सोमबार पत्रकार सम्मेलन गर्दै राजनीतिक दल खोल्ने घोषणा गरेका हुन्।

उनले आफूले अभियान मात्रै चलाउँदा अनेक अवरोध भएपछि आफू दल खोल्ने निष्कर्षमा पुगेको प्रसाईंले बताएका छन्।

'म राजनीतिक चेत बोकेको सफल व्यवसायी हुँ। मेरा लागि अब मेरो परिवार र म भन्दा पनि नेपाल र नेपाली प्राथमिकतामा परेका छन्। राजनीतिले बिगारेको यो मुलुक सुधारका लागि राजनीतिमा संलग्न हुन हामी बाध्य भएका छौं।'- प्रसाईंले भने।

उनले केही समयमै दलको नाम घोषणा गर्ने बताएका छन्।

'म लगायत हाम्रो अभियान र अभियानका साथीहरूले राजनीतिक दल खोली दलमा संलग्न हुने अठोट गरेका छौं। त्यसकारण मैले राजनीतिक शक्ति निर्माणका लागि दल गठन गर्ने निश्चय गरेको छु।'- प्रसाईंले भने।

राजसंस्था पुनःस्थापनाका लागि भएको आन्दोलनका 'जनकमान्डर' तोकिएका प्रसाईंले राजसंस्था पुनःस्थापनाको 'एजेन्डा' छाडेको संकेत गरेका छन्।

» बाँकी ३ पेजमा

## छाला पहेंलो भएपछि रविको स्वास्थ्य परीक्षण

बुटवल। रास्वपा सभापति रवि लामिछानेको छाला पहेंलो देखिएपछि स्वास्थ्य परीक्षण र रगत जाँच गर्न रगतलाई अस्पताल पठाइएको छ। रास्वपा प्रवक्ता मनिष झाका अनुसार, सोमबार बिहान सभापति लामिछानेलाई भेट्न उपसभापति डोलप्रसाद अर्याल नख्खु कारागार गएका थिए। सो क्रममा उनको छालामा पहेँलोजस्तो देखिएपछि स्वास्थ्य जाँचका लागि अनुरोध गरिएको र रगत परीक्षणका लागि अस्पताल पठाइएको हो। लामिछानेको स्वास्थ्यमा समस्या देखिएपछि ट्रमा सेन्टरबाट स्वास्थ्यकर्मी कारागारमै बोलाएर परीक्षण भएको रास्वपा नेता दिपक बोहराले बताए।

उनले भने-'रुपन्देहीबाट ल्याउँदा उहाँको हातका छालाहरू पहेँलो भएको थियो। लामो समय बाहिर निस्कन नपाएको कारणले पनि हुनसक्छ। त्यसैले रगत परीक्षण भएको हो।'

रवि लामिछानेलाई कुनै निश्चित स्वास्थ्य समस्या आएको हैन, प्री-चेकअप गरिएको जेलर भीमप्रसाद कोइरालाले दाबी गरे।

'त्यसका लागि चिकित्सकलाई जेलमै बोलाइएको हो। अन्य कैदी बन्दीलाई पनि जेलमा राख्दा स्वास्थ्य परीक्षण हुने गरेको छ।'-उनले भने। 'उहाँको स्वास्थ्यमा केही समस्या हो कि जस्तो लागेर जाँचका लागि उपसभापतिज्यूले पनि भन्नुभयो,' झाले भने-'रगत परीक्षणका लागि पठाइएको छ।'

लामिछानेलाई दुई दिन अघिमात्रै भैरहवा कारागारबाट स्थानान्तरण गरेर नख्खु कारागार ल्याइएको थियो।

उक्त दिन उनलाई करिब ४ सय कैदीबन्दी राखिएको ब्लकमा राखिएको थियो। रवि गत चैत २५ देखि भैरहवा कारगारमा थिए। १२६ दिनपछि उनलाई नख्खु कारागार सारिएको हो।

## रूपन्देही बचत संघ उत्कृष्ट



बुटवल। रुपन्देही जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड (रुस्कून) नेपालमै उत्कृष्ट भएको छ। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)मा आबद्ध ६३ वटा जिल्लामध्ये रुपन्देही जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड उत्कृष्ट भएको हो।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)को ३८औं स्थापना दिवसको अवसरमा यही शनिबार काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा 'नेफ्स्कून उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ' विधामा रुपन्देही जिल्ला बचत तथा ऋण सहकारी संघलाई सम्मान गरेको छ।

नेफ्स्कूनमा आवद्ध नेपालभरीका ६३ जिल्लामध्ये रुपन्देही जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडलाई 'नेफ्स्कुन उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ' विधामा सर्वोत्कृष्ट भएको थियो।

कार्यक्रममा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारी, नेफ्स्कूनका अध्यक्ष चन्द्रप्रसाद ढकालले 'नेफ्स्कुन उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ' विधामा सम्मानित रुपन्देही जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष बसन्तप्रसाद ढकाललाई सम्मान-पत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका हुन्। कार्यक्रममा रुस्कूनका पदाधिकारीहरु लेखा समिति एवं व्यस्थापक सहित कर्मचारीहरुको सहभागिता रहेको थियो।

## घटनाको १९ वर्षपछि गौर हत्याकाण्डको अनुसन्धान गर्न सर्वोच्चको परमादेश



बुटवल। रौतहटको गौर हत्याकाण्डको अनुसन्धान अघि बढाउन सर्वोच्च अदालतले परमादेश गरेको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले सोमबार जिल्ला प्रहरी कार्यालय रौतहटको नाममा परमादेश गरेको हो।

बहुचर्चित गौर हत्याकाण्डको छानबिन हुनुपर्ने माग राखी त्रिभुवन साह समेतले जिल्ला प्रहरी कार्यालय रौतहट, जिल्ला सरकारी वकिल कार्यालय रौतहट, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयलगायतलाई विपक्षी बनाई दायर गरेको रिटमा सर्वोच्चले परमादेशको आदेश गरेको हो।

सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले निवेदकको मागबमोजिम रिट जारी भएको जानकारी दिए।

घटनामा मारिएका आफन्तहरूले जिल्ला प्रहरी कार्यालय रौटहटमा जाहेरी दिंदा समेत छानबिन अघि नबढेको भन्दै सर्वोच्चमा रिट दायर गरेका थिए।

२०६३ चैत ७ गते रौटहटको गौरस्थित राइसमिल चौरमा भएको झडपमा तत्कालीन नेकपा माओवादीका २७ कार्यकर्ता मारिएका थिए भने सयभन्दा बढी घाइते भएका थिए। त्यो दिन तत्कालीन मधेशी जनअधिकार फोरम र माओवादीले एकै समयमा एकै ठाउँमा कार्यक्रम आयोजना गरेको निहुँमा झडप भएको थियो।

लामो समयदेखि कुनै अनुसन्धान अघि नबढेको यो घटनाको अनुसन्धान अघि बढाउन राष्ट्रिय मानवअधिकार आयोगले सिफारिश गरेको थियो।

आयोगले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवसहित १३० जनामाथि अनुसन्धान अघि बढाउन भनेको थियो।

गौर हत्याकाण्डपछि छानबिनका लागि सरकारले जाँचबुझ आयोग गठन गरेको थियो।

आयोगले जाहेरी परेको एवं घटनामा संलग्न भनी उनीहरूको नाम किटेको थियो। मानवअधिकार आयोगले त्यही आधारमा उपेन्द्रलगायतमाथि छानबिन गर्न भनेको थियो।




# सम्पादकीय

## भन्सार राजस्व बढ्दा उत्साह

देशको दोस्रो ठूलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो महिनामै लक्ष्यअनुसार राजस्व संकलन गर्न सफल भएको छ । केही वर्षदेखि राजस्व संकलन लक्ष्यअनुसार हुन नसकिरहेका बेला लक्ष्य विन्दु पार गर्नु सुखद खबर हो ।

आर्थिक मन्दीको मारमा मुलुक पर्दा लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेपछि सरकारले राजस्व संकलनको लक्ष्य घटाएको थियो । भैरहवा भन्सार कार्यालयका अनुसार चार वर्षदेखि वार्षिक लक्ष्य पार गर्न नसकेको भैरहवा भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/०८३ को पहिलो महिनामा ८ अर्ब ८४ करोड ८५ लाख लक्ष्य लिएको थियो । संकलन भने ९ अर्ब २ करोड ७२ लाख रुपैयाँ भएको छ । सरदर अहिले भैरहवा भन्सार कार्यालयले ८४ प्रतिशत राजस्व संकलन गरिरहेकोमा चालु आबकै पहिलो महिनामा लक्ष्य पार गर्नुले केही उत्साह अवश्य जगाएको छ । मुलुक आर्थिक मन्दीबाट बाहिर निस्कन खोजेको देखिन्छ । यद्यपी आर्थिक वर्षको पहिलो महिनाको राजस्व संकलनको अवस्थालाई हेरेर समग्र मूल्याङ्कन गर्न सकिंदैन ।

राजस्व लक्ष्य भेटाउन भन्सार विन्दुलाई मात्रै हेरेर हुँदैन । खुला सीमाको दुरुपयोग गर्दै हुने चोरी र आयात निर्यातलाई रोक्न राज्यका सरोकारवाला निकायको समन्वयात्मक पहलकदमी आवश्यक छ । राजस्व संकलनको विषय भन्सार प्रशासनको मात्रै नभएर प्रहरी, सशस्त्र प्रहरीलगायत सरोकारवाला निकायको पनि काम हो,जो तस्करी र चोरी निकासी रोक्न जिम्मेवारी पाएका छन् ।

सरकारले २०७८ पुष ५ गतेबाट लागू भएको अनिवार्य प्रतितपत्र (एलसी)खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेकाले पनि आयात न्यून हुँदा राजस्व संकलन प्रभावित हुँदै आएको थियो । यो व्यवस्था लागु हुनु अघि राजस्व संकलन राम्रो देखिन्छ । प्रतितपत्र खोल्न नसक्ने साना व्यवसायीले आयात गर्न नसक्ने भए । सरकारी नीतिकै कारण पनि चोरी तस्करीलाई बल पुग्यो । अहिले त्यो व्यवस्था त हट्यो । बजेट भाषणमा त्यो हटेपछि साना व्यवसायी पनि भन्सार राजस्वमा आउन सहज भयो । सरकारी नीति हेरफेरले राजस्व संकलनमा सकारात्मक प्रभाव पर्‍यो । तसर्थकतिपय नीति र कार्यक्रम लागू गर्दा त्यसको प्रभाव हेक्का नराख्ने र त्यसले पारेको असर थाहा पाउँदा पनि सुधार नगर्दा मुलुकले मूल्य चुकाउन परिरहेको छ । यो प्रकरणले पनि राम्रै पाठ दिएको हुनुपर्छ ।

# लुम्बिनी वाणिज्य क्याम्पसको गौरवशाली यात्रा र आकांक्षाहरू



**समीर आचार्य**

> विश्वविद्यालय बन्न सक्रिय रूपमा काम गरिरहेको छ, जसले अझ बढी लचिलो, प्रतिस्पर्धी र भविष्यको लागि तयार शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । तर लुम्बिनी वाणिज्य क्याम्पसको वास्तविक सफलता यसको भवन, कार्यक्रम वा पुरस्कारमा मात्र पाइँदैन - यो मानिसहरूमा पाइन्छ । यो ग्रामीण पृष्ठभूमिबाट व्यावसायिक बन्ने विद्यार्थीहरूको दृढ संकल्पमा बाँच्दछ । यो व्याख्याताहरूको कडा परिश्रममा फस्टाउँछ ।



२०३८ साल (१९८२ ईस्वी) मा एक साधारण सपनाको रूपमा सुरु भएको यो क्याम्पस आज नेपालको अग्रणी समुदायमा आधारित शैक्षिक संस्था, लुम्बिनी वाणिज्य क्याम्पस (LBC) बनेको छ । स्थानीय शिक्षक, सामाजिक नेता र बुटवलका समर्पित नागरिकहरू बिचको साझा दृष्टिकोणबाट जन्मिएको, LBC को स्थापना सबैका लागि गुणस्तरीय व्यावसायिक शिक्षा पहुँचयोग्य बनाउन गरिएको थियो – विशेष गरी त्यो समयमा जब उच्च शिक्षा केहीका लागि विशेषाधिकार थियो । मुट्ठीभर विद्यार्थीहरू र सामान्य स्रोतसाधनको साथ, यात्रा सानो भाडाको ठाउँमा PCL स्तरका कक्षाहरूबाट सुरु भयो ।  तर आशाको त्यो चिंगारी पर्याप्त थियो । १९८६ सम्ममा, क्याम्पस देवीनगरमा आफ्नो स्थायी घरमा सरेको थियो र केवल ४२ विद्यार्थीहरूको साथ आफ्नो पहिलो स्नातक वाणिज्य कार्यक्रम सुरु गरेको थियो, यो एक विनम्र सुरुवात थियो जसले दशकौंको प्रगतिको जग बसाल्यो । नेपालको शैक्षिक परिदृश्य विकसित हुँदै जाँदा, LBC पनि भयो ।

यसले समाजको बढ्दो र परिवर्तनशील आवश्यकताहरू पूरा गर्न शैक्षिक कार्यक्रमहरूको विस्तृत श्रृंखला प्रस्तुत गर्‍यो । आज, क्याम्पसले BBS, BMS, BBM - एप्लाइड, र BBA - फाइनान्स र अकाउन्टिङ जस्ता सम्मानित स्नातक डिग्रीहरू, साथै MBS, MBS - फाइनान्स, र बैंकिङ र फाइनान्समा अत्यधिक माग गरिएको MBA सहितको मास्टर कार्यक्रमहरू प्रदान गर्दछ । यी कार्यक्रमहरू केवल शिक्षित गर्न मात्र होइन, तर नेपाल र बाहिरका लागि सक्षम पेशेवरहरू, उद्यमीहरू र नेताहरूलाई आकार दिन सशक्त बनाउन डिजाइन गरिएको हो । LBC को वृद्धि कहिल्यै नयाँ कार्यक्रमहरू थप्ने बारेमा मात्र भएको छैन - यो सधैं स्तर बढाउने बारेमा रहेको छ । क्याम्पसमा अब आधुनिक शैक्षिक भवनहरू, स्मार्ट कक्षा कोठाहरू, पूर्ण रूपमा डिजिटल ई-लाइब्रेरी, र उच्च-प्रविधि कम्प्युटर र IT प्रयोगशालाहरू छन् ।

यसको गर्वका साथ उपलब्धिहरू मध्ये एक नवप्रवर्तन र उद्यमी इन्क्युबेशन केन्द्रको स्थापना हो, एक जीवन्त केन्द्र जहाँ विद्यार्थीहरूले विचारहरूलाई जीवनमा ल्याउन सक्छन्, परामर्श प्राप्त गर्न सक्छन्, र स्टार्टअपहरू पनि सुरु गर्न सक्छन् । यहाँ, शिक्षा सिद्धान्तभन्दा बाहिर जान्छ; यो कार्य बन्छ ।

वास्तविक संसारको प्रभावमा यो ध्यान केन्द्रित अनुशासन र पारस्परिक सम्मानको संस्कृतिले समर्थित छ, जसलाई ६७ प्रतिबद्ध शिक्षण कर्मचारी, २७ मेहनती गैर-शिक्षक कर्मचारी, एक सक्रिय विद्यार्थी संघ, र प्रशासनले पोषण गरेका छन् । सबैले साँच्चै विद्यार्थी-केन्द्रित सिकाइ वातावरण निर्माण गर्न सद्भावमा काम गरिरहेका छन् । LBC मा अध्यापन व्याख्यानहरू प्रदान गर्नु भन्दा बढी हो । यो विचारकहरू, समस्या समाधान गर्नेहरू र कर्ताहरू सिर्जना गर्नेबारे हो । संकायले सिकाइलाई अन्तरक्रियात्मक र अर्थपूर्ण बनाउन अनुसन्धान-सञ्चालित विधिहरू, केस स्टडीहरू, छलफलहरू, र मल्टिमिडिया उपकरणहरू प्रयोग गर्छन् ।

विद्यार्थीहरू अनुसन्धान परियोजनाहरू, शैक्षिक सेमिनारहरू, र शैक्षिक भ्रमणहरूमा सक्रिय रूपमा संलग्न हुन्छन् जसले तिनीहरूलाई कक्षाकोठाभन्दा बाहिरको नवीनतामा उजागर गर्दछ । यसबाहेक, LBC ले नियमित रूपमा बैंकहरू, वित्तीय संस्थाहरू र कम्पनीहरूसँगको सहकार्यमा औद्योगिक भ्रमणहरू, इन्टर्नसिपहरू र फिल्डवर्क आयोजना गर्दछ, जसले विद्यार्थीहरूलाई बलियो व्यावसायिक जग र वास्तविक व्यापारिक संसारमा झलक दिन्छ । शैक्षिक पर्खालहरूभन्दा बाहिर, LBC सधैँ यसलाई निर्माण गर्ने समुदायसँग छेउमा उभिएको छ । स्थानीय सरकारी निकायहरू, नागरिक समाज संस्थाहरू, अभिभावकहरू र अभिभावकहरूसँगको यसको सम्बन्ध गहिरो जरा गाडिएको छ र पारस्परिक विश्वासमा निर्मित छ । विद्यार्थी संघले अनुशासन कायम राख्न, कार्यक्रमहरू आयोजना गर्न र विद्यार्थी निकाय र प्रशासन बिच पुलको रूपमा काम गर्न महत्वपूर्ण भूमिका खेल्छ । युवा सशक्तिकरण, वातावरणीय जागरूकता र सामाजिक संलग्नता मार्फत्, LBC एउटा क्याम्पस बनेको छ जसले सिकाउने मात्र होइन - तर फिर्ता दिने पनि गर्छ ।

यस समर्पणको प्रभाव LBC ले प्राप्त गरेको राष्ट्रिय मान्यतामा स्पष्ट छ । यो नेपालको एक मात्र सामुदायिक क्याम्पस हो जसले UGC बाट तीन पटक QAA प्रमाणीकरण प्राप्त गरेको छ, जुन एक दुर्लभ र गर्वको उपलब्धि हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ साल र २०८१ सालमा LBC लाई नेपालको उत्कृष्ट सामुदायिक क्याम्पसको रूपमा सम्मान गरेको छ र यसलाई दुई पटक शैक्षिक उत्कृष्टता पुरस्कार प्रदान गरेको छ । लुम्बिनी प्रदेश सरकारले शैक्षिक नेतृत्व र सामुदायिक सेवामा यसको निरन्तर उत्कृष्टताको उत्सव मनाउँदै प्रज्ञा पुरस्कार र व्यापार पुरस्कारले क्याम्पसलाई मान्यता पनि दिएको छ । विश्वव्यापी मोर्चामा, LBC ले गर्वका साथ अन्तर्राष्ट्रिय सेमिनार र सम्मेलनहरू आयोजना गर्दछ, जसले विश्वभरका सहभागीहरूलाई ज्ञान, अनुसन्धान र नवीनता साझा गर्न स्वागत गर्दछ । यी कार्यक्रमहरूले क्याम्पसको शैक्षिक स्थितिलाई उचाल्ने मात्र होइन तर विद्यार्थीहरू र संकायहरूलाई अन्तर्राष्ट्रिय विज्ञहरूबाट सिक्ने र विश्वव्यापी शिक्षा सञ्जालहरूसँग जोडिने दुर्लभ अवसरहरू पनि प्रदान गर्दछ ।

तिनीहरूले विश्वव्यापी दृष्टिकोणलाई बुटवलमा ल्याउँछन् – र LBC को आवाजलाई विश्वमा पठाउँछन् । अगाडि हेर्दा, LBC ले ठूलो सपना देख्न जारी राख्छ । चारपाला सामुदायिक जंगलको जग्गा क्षेत्र तामनगरमा ३० बिघा जग्गामा नयाँ शैक्षिक भवन निर्माण गर्ने योजना पहिले नै चलिरहेको छ, यो परियोजनाले विज्ञान र प्रविधि र बहुआयामिक अध्ययनमा नयाँ कार्यक्रमहरूको लागि मार्ग प्रशस्त गर्नेछ । ४,००० भन्दा बढी विद्यार्थीहरू, ६७ शिक्षक कर्मचारीहरू, र २७ गैर-शिक्षण कर्मचारीहरू सहित, LBC पूर्ण रूपमा स्वायत्त र मानित विश्वविद्यालय बन्न सक्रिय रूपमा काम गरिरहेको छ, जसले अझ बढी लचिलो, प्रतिस्पर्धी र भविष्यको लागि तयार शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । तर लुम्बिनी वाणिज्य क्याम्पसको वास्तविक सफलता यसको भवन, कार्यक्रम वा पुरस्कारमा मात्र पाइँदैन - यो मानिसहरूमा पाइन्छ । यो ग्रामीण पृष्ठभूमिबाट व्यावसायिक बन्ने विद्यार्थीहरूको दृढ संकल्पमा बाँच्दछ । यो व्याख्याताहरूको कडा परिश्रममा फस्टाउँछ । यसले साझा प्रगतिमा विश्वास गर्ने समुदायको विश्वासमा सास फेर्छ । LBC शीर्षकमा नेपालको नम्बर १ सामुदायिक क्याम्पस मात्र होइन - यो समुदायले सपना देख्ने साहस गर्दा र त्यो सपनालाई वास्तविकतामा परिणत गर्न प्रतिबद्ध हुँदा के हुन्छ भन्ने जीवित प्रतीक हो ।

पूर्व विद्यार्थी

# नेप्से परिसूचक ९ अंकले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्स्चेन्ज (नेप्से) परिसूचक सोमबार ९ अंकभन्दा धेरैले बढेको छ । आइतबारको तुलनामा नेप्से कारोबार रकम डेढ अर्बले घटे पनि परिसूचक भने सकारात्मक भएको हो ।

धितोपत्र बजारमा सूचीकृत अधिकांश कम्पनीको गत आर्थिक वर्षको वित्तीय विवरण आइसकेको अवस्था छ । सेयर लगानीकर्ताले पनि कुन कम्पनीले कस्तो प्रतिफल दिन्छ भन्ने पूर्वानुमान गरिसकेको हुनाले पनि सोमबार नेप्से परिसूचकमा सुधार आएको हुन सक्छ ।

कारोबार सुरु हुँदादेखि बढ्न थालेको नेप्से करिब एक घण्टापछि घटेको थियो । त्यसपछि सुधारको क्रम बन्द हुँदासम्म कायम रहेपछि उतारचढाव भने आइराख्यो ।

कारोबार सुरु हुँदा २७६१.२२ अंकमा रहेको नेप्से सूचक ९.१६ अंकले बढेर २७७०.३९ अंक पुगेको छ । सोमबार नेप्सेमा कारोबार भएका बैंक, विकास बैंक, जलविद्युत् क्षेत्रका अधिकांश कम्पनीको सेयर मूल्य बढेको छ ।

नेप्सेमा कारोबार भएका समूहगत परिसूचकमध्ये बैंकिङ २.५३, विकास बैंक १८.३३, फाइनान्स २.२९, होटल र पर्यटन १७.१९, जलविद्युत् ३४.७७, लगानी ०.४८, जीवन बिमा ४२.६६, उत्पादनमूलक ३७.७५, लघुवित्त ५.२०, निर्जीवन बिमा ४७.४५ र व्यापार समूह ५३.३८ अंकले बढेका छन् । तर, सोमबार सामूहिक लगानी कोष ०.१० र अन्य समूहगत सूचक १५.४३ अंकले घटेका छन् ।

सोमबार नेप्सेमा कारोबार भएकामध्ये १ सय ७५ कम्पनीको सेयर मूल्य बढेको छ । त्यसैगरी ७४ कम्पनीको सेयर मूल्य घटेको नेप्सेले जनाएको छ । सोमबार नेप्सेमा ३ सय २० कम्पनीको ६७ हजार ९ सय ९५ कारोबारबाट ६ अर्ब १७ करोड रुपैयाँ बराबरको १ करोड ५२ लाख २९ हजार कित्ता सेयर खरिद-बिक्री भएको छ । यो कारोबार रकम आइतबारको तुलनामा थोरै हो । आइतबार नेप्सेमा ७ अर्बभन्दा धेरैको सेयर कारोबार भएको थियो ।


## Rambha Rural Municipality
### Office of Rural Executive, Pipaldada, Palpa
### Lumbini, Province, Nepal

## NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)

(First Publication Date: 19-August-2025 (2082/05/03)

1. Rambha Rural Municipality, office of Rural Municipal executive invitesonly electronic bids from eligible bidder's for the following works under the National Competitive Bidding (NCB) Single Stage single Envelope Procedure.

| Contract Identification No | Description of works | Estimate Amount Without VAT & Ps Items | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| RRM/NCB/ Works/082/ 083-01 | Blacktop Works at Koshdhungga-Furungdi-Satbise Road (Phedi Khola to DharaKhola Section) | NRs.86,33,213.51/- | NRs.2,50,000.00 | NRs.3,000/- |
| RRM/NCB/ Works/082/08-02 | Construction of Covered Hall at Rambha Ma.Vi. School | NRs.88,34,916.33/- | NRs.2,50,000.00 | NRs.3,000/- |

2. Bidder may download the bidding Document and submit their bids electronically through www.bolpatra.gov.np/ epg as specified in bid document.

**Chief Administrative Officer**
**Rambha Rural Municipality**

# गुल्मीको पर्यटकीय क्षेत्र मसिना दहमा तिज



गुल्मी । गुल्मीको सत्यवती गाउँपालिका ३ नं. वडा कार्यालय र मिलीजुली आमा समूहको आयोजनामा पर्यटकीय क्षेत्र मसिना दहमा तिज कार्यक्रम सम्पन्न भएको छ ।

ठूलो लुम्पेकका ८ वटा समूहको सहभागिता रहेको तिज कार्यक्रममा वडा नं. ३ का वडअध्यक्ष जितु तरामुले स्थानीय कला संस्कृति र परम्परालाई आधुनिकतासँग तुलना गर्नै नसकिने बताए । स्थानीय कला र संस्कृतिलाई व्यवस्थित र संस्थागत गर्दै संरक्षण गर्न सके ठूलो लुम्पेकलाई कला र संस्कृतिको केन्द्र बनाउँदै पर्यटन प्रवर्धन गर्न सकिने वडाध्यक्ष तरामुले बताए ।

मसिना दह र बुढी सत्यवती क्षेत्र ठूलो लुम्पेकको मात्र नभई नेपालकै सय पर्यटकीय गन्तव्य क्षेत्र मध्ये एक ऐतिहासिक पर्यटकीय क्षेत्र भएको यस क्षेत्रको पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउने र यस क्षेत्रको प्रचार प्रसार उद्देश्यले विगत वर्षदेखि सांस्कृति तिज कार्यक्रमको आयोजना गरिएको वडाध्यक्ष तरामुले जानकारी दिए ।

यसैगरी जिल्ला समन्वय समिति गुल्मीकी सदस्य नरमाया रानाले तिजलाई आधुनिकताका नाममा भड्किलो बनाउन नहुने कुरामा जोड दिइन् । तिजमा नाचिने झोराले यहाँको कला र संस्कृति संरक्षणमा अझ प्रोत्साहन मिल्ने र नयाँ पुस्ता परमपरागत कला र संस्कृतिको पुस्तान्तरण हुने जिल्ला समन्वय समितिका सदस्य रानाले बताइन् ।

यस्तै ३ नं. वडाका महिला सदस्य प्रेमा विक गाहाले कार्यक्रमको अध्यक्षता गर्दै मौलिक कला, गीत संगित तथा र संस्कृति ठूलो लुम्पेकको गहना भएको ती गहनाहरुको सही समयमा उचित ढंगले उपयोग गर्न सके गहनाको अझ अर्थ रहने समेत बताएन् ।

तिज कार्यक्रममा ३ वडाअन्तर्गत साविकका वडाहरु दाङ्सिङ्ग, गाउँडाँडा, कुरह, सिङ्दी, पल्लोखोला, कुट्डाँडा, थुम्का र लिम्घाका दिदीबहिनीहरुको सहभागिता रहेको थियो ।

वडा कार्यालयले सहभागी समूहरुलाई नगद र प्रमाणपत्र वितरण गरेको थियो । तिज कार्यक्रमको सन्दर्भमा बाँसको लिङ्गे पिङ समेत राखिएको थियो । परम्परागत पिङ भएकोले सहभागीहरुको भीड रहेको थियो ।

# मुलुकभर ९४ प्रतिशत धान रोपाइँ, उत्पादन घट्न सक्ने अनुमान



बुटवल । मुलुकभर हालसम्म ९४.१५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष सोही अवधिमा ९८.४४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको थियो ।

कृषि विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९९.७२ रोपाइँ भएको छ । मनसुन ढिला सक्रिय भएकाले मधेस प्रदेशमा सबैभन्दा कम ८६.३५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए ।

हालसम्म कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८.०७ प्रतिशत रोपाइँ भएको छ भने बागमती प्रदेशमा ९७.२७ प्रतिशत, गण्डकी प्रदेशमा ९४.८३ प्रतिशत र कोशी प्रदेशमा ९४.४२ प्रतिशत रोपाइँ भएको छ ।

देशभर करिब १३ लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ । मुलुकभरि करिब १४ लाख हेक्टर जमिन खेतीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । भदौ दोस्रो सातासम्म केही प्रतिशत रोपाइँ वृद्धि हुने अनुमान गरिएको छ ।

धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । तराईमा कूल उत्पादनको ७० प्रतिशत र पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जनाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल उत्पादन हुने जनाइएको छ ।

---

## दुर्गा...

उनले चैत्र १५ गते काठमाडौंको तीनकुनेमा भएको आन्दोलन भाँड्ने काम राजावादी र राप्रपाले गरेको आरोप लगाए । पत्रकारको प्रश्नमा प्रसाईंले आफू राजावादी नरहेको बताएका हुन् ।

'म राजसंस्था फाल्नका लागि सैनिक हिरासतमा बसेको मान्छे हुँ । म राष्ट्रवादी थिए । राजालाई भेट्दा पनि भनेको थिएँ, म राष्ट्रवादी हुँ ।'-प्रसाईंले भने ।

उनले राप्रपाका रवीन्द्र मिश्र र धवल शमशेर राणाको पनि आलोचना गरे ।

'म पुग्नुअगावै धवल शमशेर र रवीन्द्र मिश्र तीनकुने पुगेका थिए । घटना भएपछि हामी पाहुना थियौं भनेर उम्किन कोशिश गरे,' उनले भने-'१५ गतेको आन्दोलन भड्काउने काम राजाको ट्याटु खोपेकाहरूले गरेका हुन् । आन्दोलन बिगारेको राजावादी र राप्रपाले हो ।'

राजसंस्थाबारे सोधिएको प्रश्नमा प्रसाईंले भने- 'हाम्रो एजेन्डा वैदिक सनातन हिन्दू राष्ट्र नेपाल भनेपछि बुझ्नुस् न ।'

नयाँ दल खोल्ने घोषणा समेत गरेका प्रसाईंले व्यवस्थाभित्रै रहेर व्यवस्थाविरोधी आन्दोलन गर्ने बताए ।

वैदिक सनातन हिन्दू राष्ट्र, प्रदेश खारेजी, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री आफ्नो एजेन्डा भएको उनको भनाइ छ ।

## दिव्यज्योति माध्यमिक विद्यालय

**बर्दघाट – २ चिसापानी, नवलपरासी**

## आवश्यकता

मिति : २०८२/०५/०२

उपर्युक्त सम्बन्धमा यस दिन्यज्योति माध्यमिक विद्यालय, बर्दघाट -२, चिसापानी, वि.न्य.स. को मिति २०८२/०५/०२ गतेको निर्णय अनुसार यस विद्यालयको ( लाईब्रेरी) पुस्तकालयमा कार्य गर्नका लागी १ जना सहायक लाईब्रेरियन पदको पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसारको नेपाली नागरिकबाट दरखास्त आब्हान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** :०१/०८२/०८३ — **पद** : सहायक लाईब्रेरीयन
**संख्या** : १ (एक) — **तह / श्रेणीः** सहायक( अन्तरीक श्रोत)
**तलबः** वि.व्य.स.को निर्णय अनुसार — **योग्यताः** कक्षा १२ (प्लस टु) उर्त्तिण गरेको हुनुपर्ने ।
**उमेर** : ४० वर्ष ननाघेको — **परिक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक (आवश्यक परेमा )
**परीक्षा दस्तुर** : रु. ७००/- (बैंक भौचर संलग्न गर्नुपर्ने)
**दरखास्त बुझाउने अन्तिम मिति** : २०८२ भदौ १७ गते
**परीक्षा मिति** :सम्पर्क मितिमा तोकिने छ ।
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणित प्रतिलिपि, पासपोर्ट साईज को फोटो १ प्रति र हस्तलिखित निवेदन साथ संलग्न गर्नुपर्ने छ ।
**बैंक खाता नं.**: रा. बा. बैंक, बर्दघाट शाखा ३३३०१०००००००३६००१
**सुपर साकोस दिब्यज्योति मा. वि** : ०१-७७-०००६९७
**थप जानकारीको लागी** ९८४७०२५५७७/९८०५४११२७५

**रमेश कुमार कुँवर**
**प्रधानाध्यापक**

## Dhurkot Rural Municipality
## Office of the Rural Municipal Executive

**Dhurkot Primary(15 beded)Hospital**
**Dhurkot Rural Municipality-6,Gulmi**
**Lumbini, Province, Nepal**

## INVITATION ONLINE BIDS

Date of publication: 2025-08-19

1. Dhurkot Primary Hospital, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | DPH-Gulmi G-NCB-01-082/83 | Procurement of Medicine for Dhurkot Primary Hospital at Dhurkot RM-06, Gulmi | 1,47,000 | 58,54,184.5 | 120 days | 3,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Prathamik Swasthya Kendra) | Deposit cash for bid security (Dhurkot Prathamik Swasthya Kendra) |
|---|---|---|---|
| 2025-09-18, 12:00 PM | 2025-09-18, 13:00 PM | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910585342701001 | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910585342701001 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further info at the office of Dhurkot Rural Municipality ,Dhurkot Primary Hospital or may visit PPMO website or Dhurkot Primary Hospital or dhurkotphc@gmail.com
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Primary Hospital and for further information contact on 9861927728, 9867154977

**Medical Officer**

## Madhyabindu Municipality
# Office of Municipal Executive
## Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)
## Gandaki Province, Nepal

# Invitation for Bids

**First Date of publication: 2025-8-19 (2082-05-03)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 05/NCB/MB/ WORKS /2082/83 | Ashphalt Concrete works on Madhyabindu-ward number 3(Gurau chock to Kawasoti 17,Nandabhauju Marga,Durgamandir-Golden Height-Ratanpur) | NCB-WORKS | 1,45,49,373.13 | 3000/- | 3,50,000 | 90 days/ 120 days after bid opening | 2025-09-18 12.00 | 2025-09-18 14.00 |

**Chief Administrative Officer**

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०२।२७ गते सुनवलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम** : सावित्री देवी भर
**ठेगाना** : रामग्राम-९, नवलपरासी
**बिमालेख नं.** : १५००१५०१८
**सम्पर्क** : ९८११४३४२८७

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**घोडामा सामग्री ढुवानीः**
प्यूठानको स्वर्गद्वारी नगरपालिका-२ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय तीर्थस्थल स्वर्गद्वारी मन्दिरका लागि ग्यासको सिलिण्डरलगायत आवश्यक सामग्री घोडामा ढुवानी गरिँदै। धरमपानीसम्म सडक सञ्जाल पुगे पनि त्यहाँबाट करिब आधा घण्टाको पैदल उकालो बाटो हिँडेपछि मात्र मन्दिर पुग्न सकिन्छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# सुनवलका उप–प्रमुखलगायत जनप्रतिनिधिलाई एमालेको स्पष्टीकरण

नवलपरासी । नेपाल कम्युनिष्ट पार्टी एमाले नवलपरासी पश्चिमले सुनवल नगरपालिकाका नगर उप-प्रमुखलगायत वडाध्यक्षहरुलाई स्पष्टीकरण सोधेको छ। नगर उप-प्रमुख सूर्यप्रसाद दुवे, नगरप्रवक्ता तथा १३ नम्बर वडाध्यक्ष कृष्णप्रसाद वगाले, वडा नम्बर २ का अध्यक्ष राजेन्द्र यादव र कार्यपालिका सदस्य विनोद टमटालाई सात दिने स्पष्टकीरण सोधिएको हो।

श्रावण १२ गते सुनवलमा भएको पार्टी जनप्रतिनिधिहरु बिच अन्तरकृयामा उठेका विषयलाई लिएर उनीहरुलाई स्पष्टीकरण सोधिएको हो । स्पष्टीकरणमा नगरपालिकाको कार्य सम्पादनको सम्बन्धमा नगरप्रमुख र उप-प्रमुखका बिचमा समझदारी हुन नसकेको कारण, नगर प्रमुखको कार्यमा वाधा व्यवधान र अवज्ञा गरेको, विपक्षीसँग साँठगाँठ गरी आफ्नै नेतृत्वको प्रमुखलाई असफल बनाउन लागेको, नगर सभाबाट पारित भै खरिद गरिएको स्कारपियोको बारेमा निर्णय गर्ने बेलामा ध्यान नपुर्‍याउने, तर निर्णय गरिसकेपछि कार्यान्वयनमा व्यवधान सृजना गरेको, खोलाको ठेक्का लगाउने स्थानीय सरकारको कार्यक्षेत्र भएको र सो कार्य गर्दा पालिकाको निर्णय विपरीत गएको, स्थानीय तहले राखेका कर्मचारीको करार थप नगर्ने कार्य पालिका बैठकले गरेको निर्णय अवज्ञा गरेको निर्णय पालना नगर्न दिर्नेशन दिएको, विभिन्न सञ्चार माध्यममा आएका विचारले पार्टीको जनाधार खस्केकोलगायतका विषयमा नेपाल कम्युनिष्ट पार्टी एमाले नवलपरासीले जारी गरेको स्पष्टीकरणमा भनिएको छ।

उता नेकपा एमाले नवलपरासीको चौथो पूर्ण बैठक सम्पन्न भएको छ । बैठकले पार्टीको आगामी भदौ २० देखि २२ गतेसम्म हुने विधान अधिवेशन र विधान अधिवेशनमा जाने प्रतिनिधिका बारेमा छलफल भएको थियो। एमाले केन्द्रीय सदस्य विमला अर्यालको प्रमुख आतित्थ्यता, पार्टी अध्यक्ष दिपेन्द्र अधिकारीको अध्यक्षतामा बसेको बैठकले वार्षिक कार्यक्रम बनाउने निर्णय गरेको छ।

बैठकमा केही दिनअघि सुनवलमा भएको पार्टी र जनप्रतिनिधिको अन्तरकृयामा उठेका कुरा र सुनवलका नगर उप-प्रमुखलगायतलाई सोधिएको स्पष्टीकरणका विषयमा केही सदस्यहरुले जानकारी माग गरेका थिए। बैठकमा पूर्व राष्टपति तथा उपाध्यक्ष विद्या भन्डारीको विषयमा पार्टी केन्द्रले गरेको निर्णयका विषयमा छलफल चलाउनु पर्ने जिल्ला कमिटी सदस्य सुवोध जागृत बुढाथोकीले बैठकमा छलफल हुनु पर्ने प्रस्ताव राखेको भए पनि त्यस विषयमा कुनै छलफल र निर्णय नभएको बताइएको छ।

# शान्ति सुरक्षा प्राथमिकतामा : प्रजिअ पाण्डेय



बुटवल। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले जिल्लामा सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डे सहित प्रहरी प्रशासन तथा विभिन्न कार्यालयका नव आगन्तुक कार्यालय प्रमुखलाई स्वागत गरेको छ।

संघले आइतबार साँझ स्वागत तथा सम्मान कार्यक्रमको आयोजना गरी उनीहरुलाई स्वागत गर्नुको साथै उत्कृष्ट शैक्षिक संस्था र शैक्षिक संस्थाको नेतृत्वमा पुगेका व्यक्तिहरुलाई सम्मान गरेको हो।

कार्यक्रममा बोल्दै बुटवल उप-महामनगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बुटवलको सामाजिक, सांस्कृतिक, आर्थिक, व्यवसायिक तथा राजनीतिक विकासमा समेत बुटवल उद्योग वाणिज्य संघको उल्लेखनीय योगदान रहेको बताए। उनले बुटवलको ऐतिहासिक महत्व बोकेको पारी बुटवलको विकास र प्रवर्धनका लागि नगरपालिकाले विशेष प्राथमिकता दिएको बताउँदै रात्रिकालिन बजार सञ्चालनमा जोड दिए।

बुटवलको बजारलाई चलायमान बनाउनको लागि र बाह्य पर्यटकलाई आकर्षण गर्न रात्रिकालिन बजार अपरिहार्य रहेको बताउँदै उनले त्यसलाई पूरा गर्नेगरी सहयोगी बन्न व्यवसायिक संघसंस्थाहरुलाई आग्रह गरे । 'रात्रिकालिन बजार सञ्चालनका लागि विभिन्न प्रकारका प्रयासहरु भएका छन्', उनले भने-'यो विषयलाई अहिले एउटा टुंगोमा पुर्‍याउनै पर्छ ।' बुटवलको विकासको विरुद्धमा समेत केही मानसिकता देखिएको बताउँदै उनले जसका कारण काम गर्न समस्या भएको उल्लेख गरे। उनले विकासका लागि सहकार्य गर्न पनि आग्रह गरे।

कार्यक्रममा रुपन्देहीमा हालै सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले समग्र जिल्लाको शान्ति सुरक्षा, विकास निर्माणका कुरामा र व्यवसायिक वातावरण निर्माणमा कसैसँग कुनै प्रकारको सम्झौता हुन नसक्ने बताए। उनले जिल्लामा खुला सिमा रहेका कारण सुरक्षालगायतका अन्य प्रकारका चुनौती पनि रहेको स्मरण गर्दै त्यसको व्यवस्थापनमा कुनै प्रकारको कमजोरी नहुने भनाइ राखेका थिए।

आगामी कात्तिक १७ हुन लागेको रुपन्देही क्षेत्र नं. ३ को उप-चुनाव समेत रहेको स्मरण गर्दै उनले चुनावलाई समेत भयरहित वातावरणमा शान्तिपूर्वक सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले सरकारी कर्मचारीहरुलाई सेवाप्रति पूर्ण जिम्मेवार बन्न आग्रह गर्दै बिहान १० बजेदेखि साँझ ५ बजेसम्मको कार्यालय समयलाई कडाईका साथ पालना गर्न निर्देशन गरे।

रुपन्देही शिक्षा तथा स्वास्थ्यमा समेत छिमेकी जिल्लाहरुलाई सघाउने जिल्लाको रुपमा आफ्नो पहिचान बनाएको बताउँदै उनले मुलुककै अग्रणी जिल्ला भएकाले यसका सम्भावना र चुनौतीहरु पनि उत्तिकै रहेको भनाइ राखेका थिए।

कार्यक्रममा स्वागत तथा सम्मान गर्दै संघका अध्यक्ष हरिप्रसाद अर्यालले मुलुकको औद्योगिक तथा व्यवसायिक वातावरण विग्रिएका कारण भएका उद्योगहरु तथा व्यापार व्यवसाय समेत बन्द हुने स्थितिमा पुगेको बताउँदै पलायन हुन खोजेका उद्योगी व्यवसायीलाई पुनर्स्थापित हुने वातावरण निर्माणमा सहयोगी बन्न नगरप्रमुख तथा प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरे। उनले झन्झटिला ऐन कानुनहरुलाई सुधार गर्न पनि आग्रह गरेका थिए।

त्यस अवसरमा बुटवलको कान्ति माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष जीवनप्रसाद वझालाई संघमा सम्मान गरिएको हो । हालै उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित हुनु भएका वझा, बुटवलका सिद्धार्थ गौतमबुद्ध क्याम्पस सञ्चालक समितिको अध्यक्षमा निर्वाचित संघका पूर्व अध्यक्ष निर्मलप्रसाद लाकौल, बुटवल उद्योग वाणिज्य संघको नेतृत्वमा स्थापित बुटवलको लुम्बिनी वाणिज्य क्याम्पसले तेस्रो पटक विश्व विद्यालय अनुदान आयोगबाट क्यूएए प्राप्त गर्न सफल भएकोमा उक्त क्याम्पसलाई पनि सम्मान गरिएको हो।

त्यसैगरी पहिलो पटक क्यूएए प्राप्त गरेको बुटवल कालिका क्याम्पसलाई पनि सम्मान गरिएको छ। लुम्बिनी वाणिज्य क्याम्पस सञ्चालक समिति अध्यक्ष तथा संघका पूर्वअध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठ र क्याम्पस प्रमुख प्राध्यापक डा. ताराप्रसाद उपाध्यायलाई सम्मान गरिएको हो भने बुटवल कालिका क्याम्पसका प्रमुख घनश्याम पाठकलाई दोसल्ला ओढाएर सम्मान गरिएको हो।

त्यसैगरी हालै सरुवा भई रुपन्देही आएका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डे, लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठौर, ससस्त्र प्रहरी बल २७ नं. गण हेडक्वाटर रुपन्देहीका प्रहरी वरिष्ठ उपरीक्षक मेखराज जोशी, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख, प्रहरी उपरीक्षक मित्रबन्धु शर्मा, राष्ट्रिय अनुसन्धान आयोग उप-अनुसन्धान निर्देशक प्रकाश आचार्य, आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत हरि बस्याललाई स्वागत गरिएको हो।

कार्यक्रममा लुम्बिनी वाणिज्य क्याम्पसका प्रमुख डा. ताराप्रसाद उपाध्याय, बुटवल कालिका क्याम्पसका प्रमुख घनश्याम पाठक, कान्ति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा संघका पूर्वअध्यक्ष जीवनप्रसाद वझा, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखेल, संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्तिप्रसाद अधिकारीलगायतले शुभकामनासहित आ-आफ्ना भनाइ राखेका थिए।

# नक्कली शैक्षिक प्रमाणपत्रसहित एक भारतीय पक्राउ

**मोहम्मद हबिब**
*भैरहवा*

जिल्ला प्रहरी कार्यालय रुपन्देहीले नक्कली शैक्षिक प्रमाणपत्रहरु बनाउने कार्यमा संलग्न एक युवालाई पक्राउ गरेको छ।

नेपाल र भारतको विभिन्न शैक्षिक संस्था तथा विश्वविद्यालयहरुको नक्कली शैक्षिक प्रमाणपत्रहरु, स्टाम्प, होलोग्राम, तथा स्टिकरहरु साथमा बनाउँदै आएको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रुपन्देही तथा इलाका प्रहरी कार्यालय बेलहिया रुपन्देहीबाट खटिएको संयुक्त प्रहरी टोलीले सिद्धार्थनगर नगरपालिका वडा नं. १ बेलहिया बसपार्कस्थित होटल मुक्तिनाथभित्र प्रवेश गर्न लागेको अवस्थामा एक भारतीय नागरिकलाई नियन्त्रणमा लिएको हो।

आइतबार साँझ साढे ६ बजेको समयमा भारतबाट आएको कानपुर नौवस्ति बस्ने अभिषेक यादवकोबारे गोप्य सूचनाको आधारमा शरीर तथा बोकेको सुटकेस खानलतासी गर्दा शैक्षिक प्रमाणत्रहरु जस्तो देखिने विभिन्न कागजपत्रहरु, विभिन्न छाप, होलोग्राम जस्तो देखिने स्टिकरहरु, ल्यापटप, नगद, इलेक्ट्रोनिकलगायतका सामानहरुसहित नियन्त्रणमा लिएको रुपन्देहीका प्रहरी प्रमुख एसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए।

यादवले कोठा बुक गर्ने क्रममा इलाका प्रहरी कार्यालय बेलहियाका प्रहरी निरीक्षक मुकेश न्यौपानेसहितको टोलीले नियन्त्रणमा लिएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानले यो काम एक जानले मात्रै नभई यसमा समूहको संलग्नता भएको देखिन्छ। नक्कली शैक्षिक प्रमाणपत्र शैक्षिक अध्ययनको नाममा नेपालबाट विदेश जानका लागि प्रयोग हुने गरेको पनि खुल्नमा आएको छ। यस कारोबारमा संलग्न अन्यको व्यक्तिको पनि नाम आएकोले उनीहरु माथि निगरानी र अनुसन्धान गरिरहकेको एसपी क्षेत्रीले जानकारी दिए। अहिलेसम्मकै ठूलो मात्रामा खाली नक्कली कागजात र त्यसमा प्रयोग हुने छाप, स्टिकरसहितको किर्ते काम गर्ने जस्तो देखिए पनि पक्राउ परेका यादवले यसअघि २ पटक यहाँ आएको र अहिले तेस्रो पटक भएको स्वीकार गरेका छन्। आवश्यकताअनुसारको कागजपत्र बनाइदिने भनेपछि मैले बनाउने गरेको प्रहरी समक्ष यादवले भनेका छन्।

प्रहरीले यादवको साथबाट त्रिभुवन विश्वविद्यालयको ट्रान्सक्रिप्ट १०० थान, सर्टिफिकेट ३६ थान, ५ वटा स्टेम्प प्याड, ३ वटा स्टेम्प, होलोग्राम जस्तो देखिने त्रिभूवन विश्वविद्यालय २०१२ लेखेको ४ हजार ४० पिस थान स्टिकर, उच्च माध्यमिक शिक्षा परिषद्का २ हजार थान स्टिकर, राष्ट्रिय परीक्षा बोर्ड लेखेको १ हजार ७ सय थान स्टिकर, सिटीइभीटी लेखेको १ हजार ९ सय थान होलोग्राम स्टिकर बरामद गरेको हो।

यस्तै भारतको अमिटी युनिभर्सिटी उत्तरप्रदेश, जवाहरलाल नेहरु टेक्नोलोजी युनिभर्सिटी हैदराबाद, छत्रपति साहु जी महाराज युनिभर्सिटी कानपुर, आसाम उच्च विद्यालय काउन्सिल, कुरुकक्षेत्र विश्वविद्यालय र आन्द्रा युनिभर्सिटीका मार्कसीट, चारित्रिक, प्रवेशपत्र, स्थानान्तरण, लेटर प्याडलगायतका नक्कली सादा कागजात बरामद भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी सुरज कार्कीले बताए।

कार्कीका अनुसार विभिन्न कार्यालयको छाप, हस्ताक्षर, २ वटा मोबाइल, एक थान ल्यापटप, पेनड्राइभ, एटीम कार्ड र नेपाल, भारतीय रुपैयाँ पनि बरामद भएको छ।

# दुई करोड बढीको अवैध सामान नियन्त्रण

भैरहवा। रुपन्देही खुला सीमाका कारण चोरी तस्करी पनि व्यापक हुने हुँदा न्यूनीकरण र नियन्त्रणका लागि रुपन्देही प्रहरीले साउन महिनामा २ करोड १७ लाख ८७ हजार ३ सय ५९ रुपैयाँ बराबरको भन्सार छलीका विभिन्न वस्तुहरु बरामद गरी भैरहवा भन्सार कार्यालय, पशु क्वारेन्टाइन कार्यालय र राजस्व अनुसन्धान काराबाहीको लागि चलान गरेको छ।

नियन्त्रणमा लिएको सामानहरुमा किराना सामग्री १३ लाख, कपडा ८८ लाख, चल्ला तथा कुखुरा २८ लाख, सवारीसाधन ६९ लाख, अन्य सामान १४ लाख र इलेक्ट्रिक ३ लाख ३२ हजारको रहेको जिल्ला प्रहरी कार्यालयका सूचनाअधिकारी डीएसपी सुरज कार्कीले बताए।

उनले सोमा संलग्न २२ जनालाई नियन्त्रणमा लिएको र ५६ वटा मोटरसाइकल, १ वटा ट्रक, २ वटा अटो पनि नियन्त्रणमा लिएको हो।

यस्तै रुपन्देही प्रहरीले साउन महिनामा ६१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादीलाई पछिल्लो समय रूपन्देही प्रहरीले अभियानकै रुपमा कार्य अगाडि बढाउँदै आएको र गत वर्ष ८ सय २३ जनालाई पक्राउ गरेको रुपन्देही प्रहरीले आर्थिक वर्ष २०८२-८३ को पहिलो महिनामा यो संख्यामा फरार प्रतिवादी पक्राउ गरी ३२ वर्ष ३ महिना १९ दिन र ४२ लाख ८३ हजार ५ सय ११ रुपैयाँ जरिवाना असुल उपर गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जानकारी दिएको छ।

कार्यालयका अनुसार सजाय अवधि तोकिएको २० वर्षपछि ५ जना, १५ वर्षपछि २ जना, १० वर्षपछि ३ जना, ५ वर्षपछि १ जना र ५ वर्षभन्दा कमको अवधिका ५० जना गरी कुल ६१ जना फरार प्रतिवादीहरु पक्राउ गरिएको हो।

रुपन्देही प्रहरी नियमित कामसँगै पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा लागेको तथा फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छ ।

यसै अवधिमा जिल्ला कार्यालय तथा मातहत कार्यालयहरु समेतबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानहरुबाट अवैध माटो तथा बालुवा उत्खनन् गर्दै गरेको अवस्थामा ४ वटा ट्र्याक्टर र ३ वटा टिप्पर, हाइबा बरामद गरी आवश्यक कारबाहीको लागि सम्बन्धित पालिकाको कार्यालयमा पठाइएको सँगै २ लाख ७२ हजार ३७५ रुपैयाँ जरिबाना भएको कार्कीले बताए।

यसै अवधिमा जिल्लामा १६६ वटा विभिन्न मुद्दाहरु दर्ता भएको र ९७ वटा फछ्र्यौट भएको छ, दर्ता भएको मुदामध्ये १२७ जनालाई पक्राउ गरिएकोमा ४४ जना फरार रहेकोले खोजी कार्य भइरहेको छ।

एक महिनामा घरेलु हिंसाको ७७ वटा उजुरी आएकोमा ६६ जनालाई सहमती गरी पठाइएको छ भने ११ वटा बाँकी रहेको छ। एक महिनामा २२ जनाले आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ। जसमध्ये १९ वर्षदेखि ४५ वर्षको उमेर समूहका धेरै रहेका छन्।


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरुः

- विक्रेता वास्तविक हो/होइन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔ,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड



**Madhyabindu Municipality**
## Madhyabindu Municipal Hospital
**Madhyabindu-7, Nawalparasi East**
**Gandaki Province, Nepal**

## Invitation for Electronic Bids

**Procurement of Laboratory Chemicals and X-Ray Films**
IFB No: MMH/G/NCB/1/2082/83
Date of Publication: 19th Aug, 2025 (03 Bhadra, 2082)

1. The Madhyabindu Municipality, Madhyabindu Municipal Hospital invites electronic bids from eligible bidders for the Procurement of Laboratory Chemicals and X-Ray Films procedures as specified in Public Procurement Act and Regulations.

| S. N. | IFB No. (Package Name) | Bid Security (Amount in NPR.) | Bid Document Fee (NPR.) | Bid Security Validity Date |
|---|---|---|---|---|
| 1 | MMH/G/NCB/1.1/2082/83 (CLIA MACHINE REAGENTS) | 1,70,000.00 | 3,000 | 18th Jan, 2026 (04 Magh, 2082) |
| 2 | MMH/G/NCB/1.2/2082/83 (SPECIFIC MACHINES REAGENTS) | 1,80,000.00 | 3,000 | |
| 3 | MMH/G/NCB/1.3/2082/83 (X-RAY FILMS) | 25,000.00 | 3000 | |

2. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (Revenue) Account as specified below.
   Name of the Bank: Rastriya Banijya Bank, Kawasoti
   Name of the Office: Madhyabindu Municipal Hospital
   Office Code No.: 4080707
   Revenue Head No.: 14229
3. Last Date for Bid Submission:21thSep, 2025 (05 Ashoj, 2082) 15:00 hours.
4. Bid Opening Date: 21th Sep, 2025 (05 Ashoj, 2082) 15:30 hours.
5. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amount mention in above table which shall be validfor30 days beyond the validity period of thebid.
6. Bid shall be evaluate donitem-wisebasis and bidders should must submit Manufacturer's Authorization Letteras per ITB 17.1(c).


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com